**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राजस्थानको बीकानेरमा 26 हजार करोड़ रुपियाँभन्दा बढी लागतका कैयन विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

भारतले पाकिस्तान प्रायोजित आतंकवादलाई उजागर गर्नका लागि वैश्विक अभियान शुरू गरेको छ, यस अन्तर्गत दुई सर्वदलीय प्रतिनिधिमंडलले हिजो नौ देशहरुका लागि प्रस्थान गरेयो।

कन्नड़ लेखिका बानू मुश्ताकको लघु कथा संग्रह हार्ट लैंप ले अन्तर्राष्ट्रीय बुकर पुरस्कार जीतेर इतिहास रचेकी छन्।

निशानेबाज कनकले आईएसएसएफ जूनियर विश्व कपमा स्वर्ण पदक जीतेकी छन।

आईपीएल क्रिकेटमा, मुंबई इंडियंसले दिल्ली कैपिटल्सलाई 59 रनले पराजित गरि प्लेऑफमा पुग्ने चौथो एवम अंतिम टीम बनेको छ।

**प्रधानमंत्री-अमृत स्टेशन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राजस्थानको बीकानेरमा 26 हजार करोड़ रुपियाँभन्दा बढी लागतका कैयन विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। यसमा रेल, सडक, बिजुली, जल र नवीन तथा नवीकरणीय ऊर्जा क्षेत्रसित सम्बन्धित परियोजनाहरू सामेल छन्। प्रधानमन्त्रीले आफ्नो भ्रमणको क्रममा, 18 राज्यका 86 जिल्लामा 103 अमृत स्टेशनहरूको उद्घाटन पनि गर्नुहुनेछ। यसमा **देशनोक** अमृत स्टेशनको उद्घाटन पनि सामेल छ। श्री मोदीले देशनोकमा करणी माता मन्दिरको दर्शन गर्नुहुनेछ जुन वास्तुकलाको एक अद्भुत उदाहरण हो।

(बाईट)

उहाँले बीकानेर-मुम्बई एक्सप्रेस ट्रेनलाई प्रस्थान गराउनुहुनेछ र बीकानेरको **पालनामा** एक जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ। प्रधानमन्त्रीले देशनोक सहित राजस्थानका आठ स्टेशनहरूको उद्घाटन गर्नुहुनेछ। यसमा बूंदी, मंडलगढ़, गोगामेढी, गोविन्दगढ़, मंडावर-महुआ रोड़, फतेहपुर शेखावती र राजगढ़ सामेल छन्।रेलमन्त्री अश्विनी वैष्णवले अमृत भारत स्टेशन योजना अन्तर्गत पुनर्विकासका लागि 13 सयभन्दा बढी रेलवे स्टेशनहरू पहिचान गरिएको बताउनु भयो। श्री वैष्णवले 2027 सम्ममा झण्डै पाँच सय यस्ता स्टेशनहरूको विकास कार्य पूरा हुने पनि बताउनुभयो।

**मध्य प्रदेश-अमृत स्टेशन**

प्रधानमंत्री नरेन्द्र मोदीले आज मध्य प्रदेशमा छ नयाँ अमृत रेलवे स्टेशनहरुको वर्चुअल माध्यमले शुभारंभ गर्नुहुनेछ।

**गोवा - उपराष्ट्रपति**

उपराष्ट्रपति श्री जगदिप धनखडले हिज गोवाको मोर्मुगाओमा प्रमुख परियोजनाहरूको उद्धाटन गर्नुभयो। उहाँले उदीयमान भूराजनीतिक चुनौतीहरूको बीचमा समुद्रमा नियम-आधारित व्यवस्था लागू गर्ने महत्त्वमा जोड दिनु भयो। उपराष्ट्रपतिले अर्थतन्त्रको बढ्‌दो माग पूरा गर्न भारतलाई जहाज निर्माणमा अग्रणी बनाउनुपर्ने वकालत गर्नु भयो। श्री धनखडले हालैको द्वन्द्व र देशको समग्र सुरक्षाको लागि भारतीय सशस्त्र बल र तटरक्षकको प्रशंसा गर्नु भयो। उपराष्ट्रपतिले आतंकवादको निर्णायक प्रतिक्रियाको रूपमा 'अपरेसन सिन्दूर' को पनि प्रशंसा गर्नु भयो। उहाँले मुरिदके र बहावलपुरमा आतंकवादी लुकेका ठाउँहरूमा भारतले गरेको सटीक निशानाको उल्लेख गर्नु भयो।

**जयशंकर-डेनमार्क**

विदेश मंत्री डॉ. एस.जयशंकरले हिजो कोपेनहेगनमा डेनमार्कका उद्योग, व्यापार तथा वित्तीय मामिला मन्त्री मोर्टेन बोडस्कोवसित भेटवार्ता गर्नुभयो। दुवै नेताले सहयोगका विद्यमान क्षेत्रहरूलाई गहिरो बनाउने र नयाँ सम्भावना बारे छलफल गर्नुभयो। विदेशमन्त्रीले डेनमार्कका स्पीकर सोरेन गाडेसित पनि भेटवार्ता गर्नुभयो। सोशल मीडिया पोस्टमा, डा. जयशंकरले आतंकवाद विरुद्धको भारतको दृढतापुर्वक लडाईमा डेनमार्कको एकजुटताको सराहना गर्नुभयो र भारत-डेनमार्क सम्बन्ध निर्माणमा निरन्तर सहयोगको लागि उहाँलाई धन्यवाद दिनु भयो।

**भारतीय राजदूत - मस्को**

रुसमा  भारतका राजदूत विनय कुमारले दुई देशका सञ्चार उद्योगहरू बीच सहयोगलाई थप विस्तार गर्ने प्रशस्त सम्भावना रहेको बताउनु भएको छ। हिजो मस्कोमा भएको 'रणनीतिक सञ्चार' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा भारतको सञ्चार उद्योगको उपलब्धि र हालै भएको वेव्स कार्यक्रमको बारेमा पनि चर्चा गर्नु भयो।प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको सुरुमा मुम्बईमा भारतको पहिलो विश्व अडियो भिजुअल तथा मनोरञ्जन शिखर सम्मेलन - वेभ्स - को उद्घाटन गर्नु भएको थियो। चार दिने कार्यक्रमको उद्देश्य भारतलाई मिडिया, मनोरञ्जन र डिजिटल नवप्रवर्तनको लागि एक अग्रणी केन्द्रको रूपमा स्थापित गर्नु थियो।

**सर्वदलीय प्रतिनिधिमण्डल भ्रमण**

भारतले पाकिस्तान प्रायोजित आतंकवादलाई थप उजागर गर्नका लागि आफ्नो आक्रामक वैश्विक अभियान सुरु गरेको छ। हिजो दुई सर्वदलीय प्रतिनिधिमण्डल नौ देशको भ्रमणका लागि प्रस्थान गरेका छन्। जनता दल युनाईटेडका सांसद संजय कुमार झाको नेतृत्वमा एक सर्वदलीय प्रतिनिधिमंडल अपरेशन सिन्दूर बारे भारतको कूटनीतिक संपर्कको एक भागको रूपमा इंडोनेशिया, मलेशिया, दक्षिण कोरिया, जापान र सिंगापुरका पांच देशहरुको भ्रमणमा प्रस्थान गरेको छ। शिव सेना सांसद श्रीकान्त शिन्देको नेतृत्वमा एक अन्य प्रतिनिधिमण्डल सबै प्रकारका आतंकवादसित लड्ने भारतको संकल्पलाई पुन: पुष्टि गर्न युएई, लाइबेरिया, कंगो र सियरा लियोनको भ्रमणमा छ। प्रतिनिधिमण्डलले आतंकवाद विरुद्ध शून्य सहिष्णुताको भारतको मजबूत संदेश लिएर जानेछ र अपरेशन सिन्दूरको बारेमा जानकारी पनि दिईनेछ।आफ्नो प्रतिनिधिमण्डल प्रस्थान गर्नुअघि पत्रकारहरुसितको कुराकानीमा श्री संजय झाले आतंकवाद पाकिस्तानको नीतिको एक हिस्सा भएको र इस्लामाबादले कसरी आतंकवादलाई प्रायोजित गरिरहेको छ भन्ने कुरा विश्वलाई बताउने बताउनु भयो।

**(बाईट- संजय झा)**

हाम्रा संवाददाताले बताए अनुसार पाकिस्तानको कुटिल मनसाय र भारतको सफल आतंकवाद विरोधी अभियानको बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउन सात बहुपक्षीय प्रतिनिधिमण्डलहरू गठन गरिएको छ। भाजपा सांसद बैजयन्त पाण्डाको नेतृत्वमा रहेको यो समूहले साउदी अरब, बहराइन, कुवेत र अल्जेरियाको भ्रमण गर्नेछ। यस प्रतिनिधिमंडलमा वरिष्ठ नेता गुलाम नबी आजाद, भाजपा सांसद निशिकांत दुबे र एआईएमआईएम सांसद असदुद्दीन ओवैसी सामेल हुनेछन्।

**बानु बुकर**

बानु मुश्ताकको छोटो कथा संग्रह 'हार्ट ल्याम्प' ले लन्डनमा अन्तर्राष्ट्रिय बुकर पुरस्कार जितेको छ। सुश्री बानु प्रतिष्ठित अन्तर्राष्ट्रिय बुकर पुरस्कार जित्ने पहिलो भारतीय कन्नड लेखिका बनेकी छिन्। उहाँको पुरस्कार विजेता कृति "हार्ट ल्याम्प" दीपा भास्थीद्वारा अंग्रेजीमा अनुवादित बाह्र छोटो कथाहरूको संग्रह हो। मूल रूपमा कन्नड भाषामा हृदय दीपा शीर्षक दिइएको यस

पुस्तकले १९९० देखि २०२३ सम्मका मुश्ताकका साहित्यिक कृतिहरू समेटेको छ । यो पुस्तकलाई  कर्नाटकमा पारिवारिक र सामाजिक द्वन्द्वको आकर्षक चित्रणको लागि मान्यता दिएको थियो। लन्डनमा आयोजित एक समारोहमा मुश्ताक र भास्थीले उक्त पुरस्कार प्राप्त गरे।

**स्क्वास**

स्क्वास खेलाडी आकांक्षा सालुंके आइरिस ओपनको क्वार्टरफाइनलमा प्रवेश गरेकी छिन्। उहाँले आज राति ११ बजे क्वार्टरफाइनलमा मेडेलिन हाइल्याण्डको सामना गर्नेछिन्। आयरल्याण्डको डब्लिनमा भएको प्रि-क्वार्टरफाइनलमा आकांक्षाले आठौं वरीयता प्राप्त फ्रान्सकी अनोरा भिलार्डलाई पराजित गरेकी थिइन्।

**गाजा आक्रमणहरू**

गाजा पट्टीमा जारी इजरायली आक्रमणमा हिज  धेरै महिलाहरू सहित कम्तीमा ८२ जनाको मृत्यु भएको छ। गाजाको स्वास्थ्य मन्त्रालय र स्थानीय अस्पतालहरूले यो जानकारी दिएका छन्।संयुक्त राष्ट्र संघले मानवीय सहायतामा गरिएको कटौतीको आलोचना गर्दै यसलाई अपर्याप्त भनेको छ। प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्र संघको राहत तथा कार्य एजेन्सी (UNRWA) ले सीमापार आवागमन तत्काल पुनः खोल्न र सहायता सामग्रीको निर्बाध आपूर्ति गर्न आह्वान गरेको छ।

**अमरीका-गोल्डन डोम**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गोल्डेन डोम नामक १७५ अर्ब डलरको मिसाइल रक्षा पहलको घोषणा गर्नु भएको छ । यो संयुक्त राज्य अमेरिकालाई उन्नत खतराहरूबाट जोगाउन डिजाइन गरिएको बहु-स्तरीय ढाल हो। मिडिया रिपोर्टहरूका अनुसार, यस परियोजनाको एक भागको रूपमा, अमेरिकाले ब्यालिस्टिक र हाइपरसोनिक खतराहरूबाट बचाउन अन्तरिक्षमा मिसाइल इन्टरसेप्टरहरू पनि तैनाथ गर्नेछ। श्री ट्रम्पले परियोजनाको लागि २५ अर्ब डलरको प्रारम्भिक कोष घोषणा गर्नुभयो।

**आईपीएल - क्रिकेट**

आईपीएल टी-२० क्रिकेटमा, मुम्बई इन्डियन्सले दिल्ली क्यापिटल्सलाई ५९ रनले पराजित गर्दै प्लेअफमा पुग्ने चौथो तथा अन्तिम टिम  बनेको छ। यससँगै, हिज  राति मुम्बईको वानखेडे स्टेडियममा आइपीएल २०२५ मा दिल्ली क्यापिटल्सको यात्रा समाप्त भयो। पहिले ब्याटिङ गर्दै मुम्बईले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १८० रन बनायो। सूर्यकुमार यादवले ४३ बलमा ७३ रन बनाएर अविजित रहे।

****** ० ******